निर्णय संख्या – ६६

आज मिति २०७८।०७।०८ गते सोमबार विहान ११:३० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| १ | श्री गुमानध्वज कुँवर | – अध्यक्ष |
| २ | श्री कल्पना कुमारी श्रेष्ठ | – उपाध्यक्ष |
| ३ | श्री खीर बहादुर श्रेष्ठ | – सदस्य |
| ४ | श्री कृष्ण कुमार कार्की | – सदस्य |
| ५ | श्री ज्ञान वहादुर तामाङ | – सदस्य |
| ६ | श्री लोक बहादुर कुँवर | – सदस्य |
| ७ | श्री अञ्चल कुमार लामा | – सदस्य |
| ८ | श्री भरत बहादुर शिवभक्ती | – सदस्य |
| ९ | श्री रमेश राज खरेल | – सदस्य |
| १० | श्री मोतिलाल तामाङ | – सदस्य |
| ११ | श्री दल बहादुर तामाङ | – सदस्य |
| १२ | श्री चित्र बहादुर तामाङ | – सदस्य |
| १३ | श्री माया तामाङ | – सदस्य |
| १४ | श्री सानुमाया पहरी | – सदस्य |
| १५ | श्री उर्मिला वि. क.बराइली | – सदस्य |
| १६ | श्री सावित्रा अछामी | – सदस्य |
| १७ | श्री बालकृष्ण पहरी | – सदस्य |
| १८ | श्री शंकर नेपाली | – सदस्य |
| १९ | श्री ढाकाराम अर्याल | – सचिव |

Scanned with CamScanner

प्रस्तावहरु

प्रस्ताव नः १ रासपात बगर ठेक्का रद्द सम्बन्धमा ।

प्रस्ताव नः २ अपाङ्गता भएको व्यक्तिहरुको परिचय पत्र नविकरण गर्ने तथा नयाँ परिचय पत्र वितरणका लागी मिति तय गर्ने ।

प्रस्ताव नः३ बन्देउ मुनिको ठेक्का लगाएको बगरमा ठेकेदारले दिएको निवेदन सम्बन्धमा ।

प्रस्ताव नः ४ दलित लक्षित बजेट सम्बन्धमा ।

प्रस्ताव नः ५ सुनकोशी र इन्द्रवती नदी किनारको बाढी पिडितहरुलाई राहत वितरण सम्बन्धी कार्यविधि २०७८ सम्बन्धमा ।

प्रस्ताव नः ६ विविध सम्बन्धमा ।

निर्णयहरु

निर्णय नः १ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नः ७ रहेको सुनकोशी नदी किनारमा रहेको रासपात बगर क्षेत्र भित्र ढुङ्गा गिट्टी बालुवा विक्रि तथा निकासी गर्न मिति २०७८।०४।६ मा सूचना प्रकाशन गरि सोही मितिले ३० दिनको म्याद राखी मिति २०७८।०५।०४ गतेका दिन १२ बजे भित्र दर्ता हुना आएको फर्महरु मध्ये सवै भन्दा बोलकबोल गर्ने शुभारम्भश्री सरभुत रुपमा प्रभाग्राही ठहर गरी यस कार्यालयबाट सम्झौताको लागि पत्राचार गरिएकोमा सो फर्मद्वारा मिति २०७८।०५।३१ गतेको प्राप्त निवेदन अनुसार सो क्षेत्रमा रासपात बगर नरहेको भनी यस कार्यालयमा निवेदन दिएकोमा यस कार्यालयबाट सम्बन्धित स्थानमा प्राविधिक टोलिले निरिक्षण तथा वडा कार्यालयको सर्जमिन मुचुल्का अनुसार BRM/NCB/IR/05 को रासपात बगर ठेक्का रद्ध गरी बैक ग्यारेन्टी फुकुवा गर्ने निर्णय गरियो ।

प्रस्ताव नः २ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका १ देखि १० वडा सम्म अपाङ्गता भएको व्यक्तिलाई यस गाउँपालिकाले जारी गरेको अपाङ्गता परिचय पत्र

Scanned with CamScanner

वितरण कार्यविधि अनुसार अपाङ्गगता परिचय पत्र नविकरण तथा नयाँ कार्ड वितरणका लागी तपशिल बमोजिमको मिति तय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| २०७८।०७।३० | वडा नः१ सापिङ | वडा कार्यालय |
| २०७८।०८।१ | वडा नः२ सिम्थली र वडा नः ३ वेखसिम्ले | वडा कार्यालय |
| २०७८।०८।२ | वडा नः ४ चौबास र वडा नः ५ सल्ले | स्वास्थ्य चौकी |
| २०७८।०८।३ | वडा नः ६ कोलाँती र वडा नः ७ फलाँटे | वडा कार्यालय |
| २०७।०८।४ | वडा नः१० दोलाँलघाट र वडा नः ९ ज्याम्दी | वडा कार्यालय |
| २०७।०८।५ | वडा नः ८ भुम्लुटार | वडा कार्यालय |

निर्णय नः३ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाको इन्द्रवति नदी किनारमा रहेको बन्देउ मुनीको बगर क्षेत्रमा मिङमा सप्लार्यस एण्ड कन्स्ट्रक्सन सँग यस गाउँपालिकाले ढुङ्गा गिट्टी बालुवा विक्री तथा निकासी गर्न सम्झौता गरी कार्यदेश दिएकोमा सिन्धुपाल्चोक जिल्लाको साँगा चोक गढी नगर पालिकाको बन्देउ र भिमटार क्षेत्रको नागरिकले बाटो अवरुद्ध गरी बगर क्षेत्रमा काम काज गर्न नदिएकोमा सो विषयमा सहजीकरणको लागि साँगा चोक गढी नगर पालिका नगर कार्यापालिका कार्यालयमा

Scanned with CamScanner

पत्रचार गर्ने निर्णय  गरियो ।साथै सो विषयमा यस गाउँपालिकाको उपाध्यक्ष कल्पना कुमारी श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरि कुनै बिवाद भएमा समाधान गर्न जिम्मेवारी दिने निर्णय  गरियो ।

तपशिलः

संयोजकः श्री कल्पना कुमारी श्रेष्ठ

सदस्यः वडा अध्यक्ष श्री मोललाल तामाङ

सदस्यः कार्यपालिका सदस्य श्री उर्मिला वि क वराईली

निर्णय नः४ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाले आ व मा दलित लक्षित विनियोजन भएको बजेट बाट कार्याक्रम सचाँलनका लागी प्रत्येक वडाबाट दलित महिला सदस्यको सक्रियतामा दलित भेला गराई मागको आधारमा कार्यक्रम छनौट गरी वडा कार्यालयले मिति २०७८।०७।१८ गते भित्र गा पा कार्यालयमा पठाउने निर्णय गरियो ।

निर्णय नः ५ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाको सुनकोशी र इन्द्रवती नदी किनारको बाढी पिडितहरुलाई राहत वितरण सम्बन्धी कार्यविधि २०७८ स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नः ६ माथी  छलफल गर्दा आ व ०७८।०७९को योजना कार्यन्वयन गर्नका लागी वडा वडामा रु ५ लाख भन्दा माथीको योजनाको लागी ३३ प्रतिशत पहिलो किस्ता दिने भन्ने पत्राचार भएकोले आजको बैठकमा छलफल गर्दा रु २ लाख भन्दा माथीको योजनालाई वडा कार्यालबाट पहिलो किस्ता ३३ प्रतिशत दिनु भन्ने सिफारिस प्राप्त भएमा दिने निर्णय गरियो ।

Scanned with CamScanner